“दिगो, पारदर्शी र जोखिमरहित सहकारीः
लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी”

# लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठि-२०८०

२०८० आश्विन २५ र २६
होटल याक एण्ड यति, काठमाडौं

राष्ट्रिय सहकारी बैंक लि.

## पृष्ठभूमि

राष्ट्रिय सहकारी बैंक सदस्यमा आधारित सहकारी क्षेत्रको एक मात्र बैंकको रुपमा विगत दुई दशकदेखि बैंकिङ सेवाको अलावा सदस्य सहकारी संघ/संस्थाहरुको संस्थागत विकासका लागि विभिन्न सेवाहरु प्रदान गर्दै सञ्चालन हुँदै आएको सहकारी क्षेत्रको साझा बैंक हो । आफ्ना सदस्य सहकारीहरुका वित्तीय तथा गैरवित्तीय आवश्यकता पूरा गर्न सहयोग पुर्‍याउनुका साथै सहकारीहरुलाई दिगो बनाउनको लागि बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विविध कार्यक्रमहरुमार्फत सहकारीहरुमा सुशासन, जोखिम न्यूनिकरण र आन्तरिक नियन्त्रण प्रणालीको विकास जस्ता कुराहरुमा विशेष जोड दिइरहेको छ। यसका अलावा वर्तमानमा सहकारी क्षेत्रमा देखिएको प्रतिकुल परिस्थितिसँग सामना गर्ने विभिन्न रणनीतिहरु तय गर्न बैंकले सहकारी संघ/संस्थाका लेखा सुपरीवेक्षण समितिको लागि **"दिगो, पारदर्शी र जोखिमरहित सहकारीः लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी"** भन्ने मुल विषय अन्तर्गत ८ वटा विभिन्न विषयगत प्रस्तुती तथा छलफल गर्न दुई दिवशीय राष्ट्रिय गोष्ठीको आयोजना गर्दैछ।

## गोष्ठिको उद्देश्य

- लेखा सुपरीवेक्षण समितिको भूमिकालाई थप प्रभावकारी बनाउन सहयोग पुर्‍याउने,
- लेखा सुपरीवेक्षण समितिले तयार गर्ने प्रतिवेदनको ढाँचा र प्रतिवेदनमा समावेश विषयहरुबारे छलफल गर्न,
- सहकारीमा स्वनियमन र संस्थागत सुशासन अभिवृद्धि गर्न,
- सहकारीमा जोखिम व्यवस्थापन र वित्तीय अनुशासनका लागि स्पष्ट कार्यदिशा तय गर्न,
- सहकारी संस्थाहरुमा आन्तरिक नियन्त्रणका लागि प्रभावकारी औजार तथा प्रणाली विकास सम्बन्धमा बहस र छलफल गर्न।

## अपेक्षित उपलब्धी

- सहकारीको मूल्य, सिद्धान्त, दर्शन र स्वनियमनमा आधारित सहकारी संस्था निर्माण,
- सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउनको लागि नीतिगत विषयमा दक्षता अभिवृद्धि,
- विद्यमान अवस्थामा सहकारी क्षेत्रमा देखिएका चुनौति पहिचान गरी समाधानको लागि संस्थागत तयारी,
- सहकारी संस्थाहरुको जोखिम व्यवस्थापनको लागि संरचनागत आधार तयारी

## लक्षित सहभागीहरु

- सहकारी संघ/संस्थाका लेखा सुपरीवेक्षण समिति संयोजक र सदस्य
- सरोकारवाला निकायहरुका प्रतिनिधिहरु

## विस्तृत कार्यक्रम

### २०८० आश्विन २५ गते विहिबार (पहिलो दिन)

| | |
|---|---|
| | **उद्घाटन** |
| **सामूहिक सत्र** | १. नेपालको सहकारीमा लेखा सुपरीवेक्षण समितिको अभ्यासः व्यवस्था र अवस्था |
| **सामूहिक सत्र** | २. वित्तीय सहकारीको जोखिम मापन : संरचना र पद्धति |
| **ब्रेकआउट सत्र** | ३. सहकारीको वित्तीय जोखिमः मापन र व्यवस्थापन रणनीति |
| | ४. सहकारीमा सञ्चालन एवं अनुपालना जोखिमः मापन र व्यवस्थापन रणनीति |

### २०८० आश्विन २६ गते शुक्रबार (दोस्रो दिन)

| | |
|---|---|
| **सामूहिक सत्र** | ५. सहकारीको आन्तरिक नियन्त्रण प्रणालीः विकास र अभ्यास |
| **ब्रेकआउट सत्र** | ६. सहकारीको सुशासन र स्वनियमनः प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली |
| | ७. सहकारीको आन्तरिक नियन्त्रण प्रणालीः विधि, प्रविधि र औजार |
| **सामूहिक सत्र** | ८.सहकारीको विद्यमान संकट सामनाः रणनीति र भावी कार्यदिशा |
| | **समापन कार्यक्रम** |

**सहभागिताका लागि सहकारी बैंकको सम्बन्धित शाखामा सम्पर्क गर्न सक्नहनेछ।**